बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:०८२।८३
चलानी नं.:

उत्कृष्ट कृषक सम्मान पुरस्कार कार्यक्रमको प्रस्ताव आव्हानको म्याद थप (पशु सेवा तर्फ) सम्बन्धि सूचना !

प्रथम पटक म्याद थप मिति २०८३/०२/२६

यस नगरपालिकाको आ.व.२०८२/०८३ को कृषि विकास/ पशु सेवा शाखा तर्फको स्वीकृत बार्षिक कार्यक्रम अनुसार उत्कृष्ट कृषकलाई सम्मान पुरस्कार कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रमा सहभागी हुन ईच्छुक मापदण्ड पुगेका कृषकहरुले १५ दिन (२०८३/०२/२५ गते) भित्र **उत्कृष्ट कृषकलाई सम्मान पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१** को अनुसूची ४ अनुसारको निवेदन अनुसूची ५ अनुसारको बिवरण सहित कार्यालय समय भित्र दर्ता गर्नुहुन मिति २०८३/०२/११ गते सूचना प्रकाशन गरिएकोमा तोकिएको अवधि भित्र **पशु सेवा तर्फ** प्रयाप्त मात्रामा प्रस्ताव पेश हुन नआएकोले ५ दिन (२०८३/०२/३० गते सम्म) म्याद थप गरिएको यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ । निवेदनका साथ सम्लग्न हुनु पर्ने फारम, न्यूनतम मापदण्ड लगायतका थप जानकारीका लागि कृषि विकास/ पशु सेवा शाखामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

आवश्यक कागजातहरु:

१. सम्बन्धित निकायमा दर्ता/नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपी ।
२. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
३. स्थायी लेखा नं प्रमाण पत्रको प्रतिलिपी ।
४. आ. व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
५. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।
६, अनुसूची ५ अनुसारको विवरण ।

नोटः- उत्कृष्ट कृषकलाई सम्मान पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ यस नगरपालिकाको वेभसाइड www.bangangamun.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने छ।

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत